21-08-2024

## यो आकाशवाणी गान्तोक हो

## समाचार अनुशीला शर्माबाट सुन्नुहोस्

### CM School visit

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ गोलेले शनिबार सिक्किमको पालजोर नामग्याल कन्या वरिष्ठ माध्यमिक विद्यालयको शतवार्षिकी उत्सवको उपलक्ष्यमा स्कुलमा नवनिर्मित मेरी स्कट सेन्टेनिअल हलको उद्घाटन गर्नुभयो। मुख्यमन्त्रीले यस उल्लेखनीय उपलब्धिका लागि सम्पूर्ण विद्यालय परिवारलाई बधाई दिनुभएको छ। यो उपलब्धि विगत र वर्तमानका सम्पूर्ण शिक्षक, कर्मचारी र विद्यार्थीहरूको अटल समर्पण र योगदानको प्रमाण रहेको उहाँले बताउनु भयो। आज उद्घाटन भएको हल भौतिक ठाउँ मात्र नभएर विद्यार्थीहरू भेला भएर सांस्कृतिक प्रदर्शन, शैक्षिक कार्यक्रम र खेलकुद गतिविधिहरूका लागि प्रयोग गर्न सकिने ठाउँ रहेको मुख्यमन्त्रीले बताउनुभयो। नयाँ पुस्तालाई स्वास्थ्य, सरसफाइ र आवश्यक जीवन सीपको ज्ञान दिने उद्देश्यले विद्यालयले "बहिनी" योजना अपनाएकोमा मुख्यमन्त्री श्री तामाङले प्रशंसा पनि गर्नुभयो।

यस पछि मुख्यमन्त्री श्री तामाङले गान्तोकको होली क्रस स्कूलमा आर्टिभिसियल टर्फ लगाइएको खेल मैदानको पनि उद्घाटन गर्नुभयो। यस अवसरमा श्री तामाङले यो सुविधा यस क्षेत्रका बालबालिकाको समग्र विकासको लागि आवश्यक रहेको बताउनुभयो। उहाँले, यो नयाँ सिंथेटिक टर्फले होली क्रस स्कूलका विद्यार्थीहरूलाई खेलकुद सुविधाहरू प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो। यसले विद्यार्थीहरूलाई आफ्नो जीवनको महत्त्वपूर्ण भागको रूपमा शारीरिक स्वास्थ्यलाई सुधार्न प्रोत्साहित गर्ने कुरामा जोड दिनुभयो। होली क्रस स्कूल, शैक्षिक उत्कृष्टतामा आधारित शिक्षाको लागि यसको समर्पणको लागि प्रसिद्ध रहेको र यी नयाँ सुविधाले विद्यालयले अझ उच्च स्थान ओगट्न सक्ने विश्वास व्यक्त गर्नुभयो। यससँगै उहाँले विद्यालयको विकासका लागि मुख्यमन्त्री विषेश अधिकार कोषबाट 10 लाख रुपियाँ अनुदान पनि दिनुभयो भयो।

## अखिल भारतीय कवि सम्मेलन

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज गान्तोकको मनन केन्द्रमा अखिल भारतीय कवि सम्मेलन 2024 उद्घाटन गर्नुभयो। अखिल भारतीय कवि सम्मेलन 2024 गान्तोकको मनन केन्द्रमा अहिले भइरहेको छ। सिक्किम राज्य स्थापनाको पचासौँ वर्षगाँठका अवसरमा, सिक्किम सरकारसित मिलेर यसको आयोजना राष्ट्रिय समाचारपत्र दैनिक जागरणले गरिरहेछ। हिन्दी र नेपाली दुईवटा भाषामा आयोजित यस प्रकारको पहिलो कार्यक्रममा, सिक्किमका दुई

जना र नेपालका एक लगायत भारतका विभिन्न भागका गरी बाह्र जना ख्यातिप्राप्त कविहरूको प्रस्तुति रहनेछ।

**SCPCR- PRESS RELEASE**

सिक्किम राज्य बाल अधिकार संरक्षण आयोग (SCPCR)-की अध्यक्षा श्रीमती दीपा खत्रीको नेतृत्वमा आयोगको एउटा उच्चस्तरीय दलले 20 स◌ेप्टेम्बर, 2024 –को दिन पूर्व सिक्किमको गान्तोक र पाकिम जिल्लाका विभिन्न स्थानको निरीक्षण गऱ्यो। यसक्रममा आयोगले आइसीडीएस अनि सनफार्मा कम्पनीको भ्रमण गरेको थियो। यो भ्रमण पोषण माहिनाको अवसरमा बालकबालिकाहरूले के कस्ता पोषणयुक्त खाद्य पदार्थ प्राप्त गरिरहेका छन् साथै बाल अधिकारको संरक्षण के कस्तो प्रकारले भइरहेको छ भन्ने विषयको अध्ययन गर्न गरिएको थियो। आयोगले विगत केही दिनदेखि यसप्रकारको निरीक्षण गर्दै आएको छ।

बाल अधिकारको सुरक्षा, बालकबालिकाहरूको खानपान, शिक्षा-दिक्षा, लालनपालन जस्ता विषयमा विभिन्न निजि कम्पनीहरूमा कार्यरत अभिभावक तथा कम्पनी पक्षलाई अवगत गराउनु भ्रमणको उद्देश्य रहेको श्रीमती खत्रीले बताउनु भएको छ।  आउने दिनमा आयोगले यस प्रकारको निरीक्षणलाई निरन्तरता दिइरहनेछ। आयोगले बालक बालिकाको हक अधिकार, उनीहरूले पाउनुपर्ने आधारभूत सुविधा, समुचित पूर्वाधारका विषयमा अध्ययन गरी सम्बन्धित निकाय अनि सरकारलाई अवगत गराउने अध्यक्ष श्रीमती खत्रीले जानकारी दिनुभएको छ।

## Swachchata hi sewa

स्वच्छता हि सेवा अभियान  अन्तर्गत आज राज्यका विभिन्न ठाउँहरूमा सरसफाई अभियान सञ्चालन गरिएको छ। मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले 21 सेप्टेम्बरमा राज्यस्तरीय स्वच्छता हि सेवा अभियानमा हरेक क्षेत्रमा  सरसफाईका लागि श्रमदान गर्न   आह्वान गर्नुभएको थियो । यसअन्तर्गत सबै विधायक, निर्वाचित प्रतिनिधि, नागरिक समाज,   संगठन, गैरसरकारी संस्था,   र स्वयम्-सहायता समूहले सरसफाई गरेका छन्। यसैगरी राज्यका विभिन्न जिल्ला अन्तर्गत  सरसफाई गरिएको छ। सोरेङ्, पाकिम बजार, गेजिङ्, सिक्किम विधानसभा सचिवालय, तासिलिङ् सचिवालय अनि जोर्थाङको नेहरु युवा केन्द्रका सदस्य,नाम्ची बुमटार,गान्तोकको SNT परिसर, अनि मंगन जिल्ला अन्तर्गत जङ्गुमा पनि क्षेत्र विधायक श्री पिन्छो नामग्याल लेप्चाको उपस्थितिमा सरसफाई गरेर स्वच्छता हि सेवा पालन गरिएको समाचार प्राप्त भएको छ। यसका साथै राज्यका अन्य विभिन्न् स्थान, सरकारी कार्यालय, विद्यालय आदिममा पनि स्वच्छता हि सेवा पालन गरिएको समाचार छ।